सुदूरपश्चिम प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम

प्रदेश कार्यक्रम सहयोग इकाई

**नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८२ मंसिर २९)

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत स्थानीय तहसँगको सहकार्यमा आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न नवप्रवर्तनकारी परियोजना छनौट गर्ने प्रयोजनार्थ यस प्रदेशस्थित स्थानीय तहबाट नवप्रवर्तनकारी परियोजनाको अवधारणा पत्र मागको लागि नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ को दफा ४ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। यो सुचना प्रकाशन भएको मितिले ३० दिनभित्र (मिति २०८२ पौष २९ गते कार्यालय समय भित्र) यस प्रदेशभित्रका स्थानीय तहले कार्यविधि बमोजिम अवधारणा पत्र तयार गरी आवश्यक कागजात सहित अनुसुची-२ अनुसारको ढाँचामा **अनलाईन** (bit.ly/IPP-Proposal-Form-2083-84) **वा ईमेल** (ppsu.sudurpashchim@plgsp.gov.np) मार्फत पेश गर्नु हुन अनुरोध छ।

**नोटः**

१) एकल स्थानीय तहको परियोजनाको हकमा न्यूनतम सीमा रू २५ लाख र दुई वा दुई भन्दा बढी स्थानीय तह मिलि गरिएको संयुक्त परियोजनाको हकमा न्यूनतम रू ५० लाख रहने,

२) कार्यक्रमबाट उपलब्ध हुने अनुदान सीमा एकल स्थानीय तहको परियोजनाको हकमा अधिकतम १ करोड ५० लाख र दुई वा दुई भन्दा बढी स्थानीय तह मिलि गरिएको संयुक्त परियोजनाको हकमा अधिकतम २ करोड ५० लाख सम्म रहने,

३) निर्माण सम्बन्धी भौतिक पूर्वाधारहरु, प्रशासनिक खर्च, सवारी साधन खरिद तथा मर्मत, राहत वितरण तथा कन्टिन्जेंसी लगायत शिर्षकमा बजेट समावेश गर्न नपाइने ।

कार्यविधि तथा प्रक्रिया सम्बन्धमा थप जानकारी यस कार्यालयको वेबसाईट https://ocmcm.sudurpashchim.gov.np मार्फत प्राप्त गर्न सकिनेछ ।

**प्रदेश कार्यक्रम व्यवस्थापक**

**प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम**

**आवधारणा पत्रको ढांचा**

**थप जानकारीका लागिः**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,** प्रदेश कार्यक्रम सहयोग इकाई, धनगढी, कैलाली

**सम्पर्क व्यक्ति तथा सम्पर्क नम्बरः**

श्री नरेन्द्र शाह, उपसचिव तथा प्रदेश कार्यक्रम व्यवस्थापक (९८४१०३३१४६)

श्री मदन बागचन, प्रदेश कार्यक्रम समन्वय विश्लेषक (९८५८७५१००२)